# प्राक्कथन एवम् कृतज्ञता ज्ञापन

शिवकुमार राई (सन् १९१९–१९९५) नेपाली साहित्य र समाजमा एकजना सुपरिचित, लोकप्रिय तथा विशिष्ट प्रतिभाका धनी व्यक्तित्व हुन्। पाँच दशकभन्दा बढ़ी समयसम्मको साहित्य साधनाकालमा उनले जे जति सिर्जनात्मक कृति नेपाली साहित्य समाजलाई दिए त्यसैले उनी कालजयी बनी अजर अमर बनेका छन्। साहित्यकार राईले आफ्ना सिर्जनात्मक कृतिहरूमा एकजना प्रवीण समाजशास्त्रीले झैं गहन रूपमा समाजवैज्ञानिक तरिकाले आफ्नो वरिपरिको समाजलाई नियालेर हेरेका छन् र समाजवैज्ञानिक तथा सामाजिक–सांस्कृतिक तथ्याङ्कहरू प्रस्तुत गरेको पाइन्छ। उनका प्रायः सबै जसो सिर्जनात्मक कृतिहरूमा पहाड़ी चाँप–गुराँसको रङ्गमात्र होइन सयपत्री, बाबरी र गोदावरीको सुवासना पनि अन्तर्निहित छ। नेपाली साहित्यका प्रायः सबैजसो विधामा राईले केही न केही लेखेका छन् तर कतिपय रचनाहरू भने आजसम्म पनि अप्रकाशित र असङ्कलित रूपमा रहेका पाइन्छन्। कविता, कथा, उपन्यास, नाटक–एकाङ्की, लेख–निबन्ध, संस्मरण, गीत–भजन, गजल, अनुवाद(आध्यात्मिक चिन्तनपरक लेखहरू)–बाहेक सम्पादकीय लेखहरू, रेडियो फिचर लेखन आदि जस्ता क्षेत्रमा पनि उनको अथक योगदान रहेको छ। तर पनि शिवकुमार राई मूलतः कथाकार हुन्, कथाको क्षेत्रमा नै उनको विशिष्ट योगदान र उच्च स्थान सुरक्षित रहेको कुरो निर्विवाद छ। नेपाली कथा साहित्यको इतिहासमा राईको योगदान विशिष्ट र उल्लेखनीय मात्र होइन तर उत्तिकै सघन अध्ययन–अनुशीलन र गहनशोध तथा गम्भीर चासोको विषय पनि भएको छ। उनका साहित्यिक कृतिहरू प्राथमिक पाठशाला तहदेखि स्नातकोत्तर तहसम्म र अझ विधावारिधि तहसम्म अध्ययन–अनुसन्धान गरिनु पर्ने कथाकारको रूपमा ख्याति, लोकप्रियता, समयक्रमसँगै सान्दर्भिक र अझ प्रखर हुँदै गएको देखिन्छ। यस स्थितिमा कथाकार राईका कथाकृतिको समष्टिगत गहन अध्ययन–अनुशीलन, विश्लेषणात्मक मूल्य–निरूपण र पहिचानको अभाव भने आजसम्म पनि खट्किरहेको तितो यथार्थबाट हामी नेपाली भाषा–साहित्यका विद्यार्थी, पाठक–अध्येयता अनभिज्ञ छैनौँ।

समाज सचेतक साहित्यकार राईका लोकप्रियताकै कारण उनको कर्मथलो खरसाङमा 'शिवकुमार राई स्मृति अकादमी' (सन् १९९८) को स्थापना भयो। 'शिवकुमार राई स्मृति अकादमी'–ले राईका आजसम्म अप्रकाशित कृतिहरू खोज, सङ्कलन–सम्पादन

गरी प्रकाशनको व्यवस्था गर्ने तथा प्रकाशित भएका तर हालसम्म अप्राप्य पुस्तकहरू पुनः प्रकाशित गर्ने, समय–समयमा स्व० शिवकुमार राई स्मृति व्याख्यानमाला (Memorial lecture) भारतका विभिन्न ठाउँमा आयोजन गर्ने, शिवकुमार राईका सिर्जनात्मक साहित्यको गहन अध्ययन अनुसन्धान गर्न चाहने विद्यार्थी–शोधार्थीहरूलाई विभिन्न सहुलियत उपलब्ध गराउन एउटा शोध–पुस्तकालय (Research Library) स्थापना गर्ने, राईको नाममा एउटा स्तरीय साहित्यिक पुरस्कार स्थापना गर्ने जस्ता महत्त्वपूर्ण उद्देश्यहरू राखेको देखिन्छ। 'शिवकुमार राई स्मृति अकादमी'–को प्रथम प्रकाशनको रूपमा श्री इन्द्रबहादुर राई र श्री चन्द्र शर्माको कुशल सम्पादनमा 'शिवकुमार राई स्मृति ग्रन्थ' प्रकाशित भयो। यसरी नै साहित्य अकादमी नयाँ दिल्लीले पनि भारतीय साहित्य निर्माता शृंखला अन्तर्गत सुश्री मोनिका मुखियालिखित **शिवकुमार राई** (अङ्ग्रेजीमा, सन् २००७) प्रकाशित गरेको छ। सिक्किम र दार्जीलिङ्का विभिन्न सङ्घ–संस्थानहरूबाट साहित्यकार शिवकुमार राईका नाममा विभिन्न साहित्यिक र शैक्षिक पुरस्कारहरूको स्थापना भएर आजसम्म सञ्चालित हुँदै आएका छन्। वास्तवमा सार्वजनिक तहबाट गरिएका यस्ता कृतकार्य वा सत्कार्यहरू नै साहित्य–समाजसेवी राईका लोकप्रियताका परिचायक र साहित्यिक श्रेष्ठताका असली सम्मानहरू हुन्।